१५४०/११६२

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**

**सूचना आयुक्त किरणकुमार पोखरेल**

**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६९६/२०७२/०७३**

**निर्णय नं.:- ११७२**

जिल्ला सर्लाही गा. वि. स. गोडैता व. नं. ४ घर भई हाल जिल्ला सर्लाही न. पा. मलंगवा ८ बस्ने उग्रकान्त झा ........................................................................ ......................................१ पुनरावेदक

विरूद्ध

जिल्ला शिक्षा अधिकारी, जिल्ला शिक्षा कार्यालय, सर्लाही मलंगवा ..................................................१ विपक्षी

सूचना अधिकारी, जि. शि. का. सर्लाही मलंगवा ....................................................................१

विषय :- माग बमोजिमको सूचना उपलव्ध गराउनु ।

जिल्ला सर्लाही गा. वि. स. गोडैता व. नं. ४ घर भई हाल जिल्ला सर्लाही न. पा. मलंगवा ८ बस्ने उग्रकान्त झाले जिल्ला शिक्षा कार्यालय, सर्लाही मलंगवा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलव्ध नगराएकोले उपलव्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०२।२३ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलव्ध गराउनु भनी जिल्ला शिक्षा कार्यालय, सर्लाही मलंगवाको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनु । यसको जानकारी निवेदकलाई दिनू ।

तपसिल

१. २०७२ पौष मसान्तसम्म (कम्तिमा) कायम रहेका विद्यालय व्यवस्थापन समिति र विद्यालयहरुको [illegible]

२. आ. व. २०७१।०७२ र सो आ. व. भन्दा अघिल्लो आ. व. हरुको बाँकी अवधिको लागि लेखा परीक्षण गर्न त्यहाँबाट सूचना प्रकाशित भएकोमा सो सूचनाको प्रतिलिपि र सूचना प्रकाशित भएको माध्यमसम्बन्धी विवरण ।

३. बुँदा नं. २ को आधारमा परेको निवेदन (फर्म वा लेखापरीक्षक) सम्बन्धी विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बास्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल असार १२ गते रोज १ शुभम् ।

